"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नम्बर :-

परशुराम नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालढुङ्गा जोगबुडा, डडेल्धुरा सुदूरपश्चिम प्रदेश २०७३

# करार सेवामा नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१।०४।०३)

यस परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।०९।२१ गतेको निर्णयानुसार देहायको संख्यामा नगर प्रहरी कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले परशुराम नगरपालिकाको वेबसाइट www.parshurammun.gov.np बाट दरखास्त फाराम डाउनलोड वा नगरपालिकाको प्रशासन शाखाबाट दरखास्त फाराम प्राप्त गरी आवश्यक कागजात सहित नगरपालिकाको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. आवश्यक माग पद संख्या :-

| क्र. सं. | विज्ञापन नं. | पद | खुला संख्या | समावेशी | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|
| | | | | महिला | आ./ज./मधेशी/दलित | |
| १. | ०१/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | १ | - | - | १ |
| २. | ०२/०८१/०८२ | नगर प्रहरी जवान | ३ | १ | १ | ५ |
| ३. | ०५/०८१/०८२ | नगर प्रहरी सहयोगी | १ | - | - | १ |

२. दरखास्त फाराम दर्ता मिति :- २०८१/०४/०३ देखि २०८१/०४/२३ गतेसम्म, समय: विहान १०.०० बजे देखि कार्यालय समय सम्म, (सार्वजनिक विदाको दिन बाहेक) ।



प्रमुख प्रशासकीय अधिकृत

३. दरखास्त फाराम पाइने र बुझाउने स्थान :- परशुराम नगरपालिका डडेल्धुराको प्रशासन शाखा ।

४. दरखास्त राजस्व (दस्तुर) :-

| क्र. सं. | पद | राजस्व (दस्तुर) |
|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक | दरखास्त फारामका साथ राजस्व दस्तुर बापत रु. ५००(पाँच सय मात्र) नगरपालिकाको राजस्व शाखामा बुझाएको सक्कल रसिद संलग्न राख्नुपर्ने । |
| २. | नगर प्रहरी जवान | दरखास्त फारामका साथ राजस्व दस्तुर बापत रु. ३००(तीन सय मात्र) नगरपालिकाको राजस्व शाखामा बुझाएको सक्कल रसिद संलग्न राख्नुपर्ने । |
| ३. | नगर प्रहरी सहयोगी | दरखास्त फारामका साथ राजस्व दस्तुर बापत रु. २००(दुई सय मात्र) नगरपालिकाको राजस्व शाखामा बुझाएको सक्कल रसिद संलग्न राख्नुपर्ने । |

५. उम्मेदवारको उमेरहद :-

नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवानको हकमा मिति २०८१ बैसाख १ गते सम्म ५० वर्ष उमेर ननाघेको ।नगर प्रहरी सहयोगीको हकमा मिति २०८१ बैसाख १ गते १८ वर्ष उमेर पुगेको र ३५ वर्ष उमेर ननाघेको ।

६. आवश्यक न्यूनतम योग्यता :-

क) न्यूनतम शैक्षिक योग्यता: **नगर प्रहरी सहायक निरीक्षक** पदका लागि प्रवेशिका प्रमाण तह उत्तीर्ण र **नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी**को हकमा आठ कक्षा उत्तीर्ण भएको,

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ग) भविष्यमा सरकारी नोकरीको निमित अयोग्य ठहरिने गरि बर्खास्त नभएको,

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

ङ) मानवअधिकार र मानवीय कानूनको उल्लघंनमा सजाय नपाएको ।

च) उचाई, छाती, तौल र आँखा:-

| क्र. सं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|



प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | उचाई | कम्तिमा ५ फिट २ इन्च | कम्तिमा ५ फिट |
| २ | छाती | कम्तिमा ३२-३४ | - |
| ३ | वजन | कम्तिमा ५० के. जी | कम्तिमा ४२ के. जी. |
| ४ | आँखा परीक्षण | प्लस २ वा माइनस २ भन्दा बढी कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट | प्लस २ वा माइनस २ भन्दा बढी कमजोर नभएको वा सो सरहको आँखा जाँच रिपोर्ट |

७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु :-

आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछः

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी - १(एक) प्रति,

ख) हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो (पुरुषको अकमा दाही र कपाल काटेको) - ३ (तीन) प्रति,

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

घ) नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदको लागि नेपाल सरकारको सुरक्षा सेवाबाट निवृत्त भएको सेवा निवृत्त प्रमाणपत्रको प्रतिलिपि,

ङ) नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिता प्रमाणपत्र,

च) सम्बन्धित इलाका वा नजिकको प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाण पत्र,

छ) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि - १/१ (एक/एक) प्रति (चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारणको प्रमाण पत्र Equivalent Certificate),

ज) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत



प्रमुख प्रशासकीय अधिकृत

भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/ निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात,

झ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकासन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि,

ञ) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

८. परीक्षाको विधि :-

क) प्रारम्भिक स्वास्थ्य परीक्षण,

ख) शारीरिक तन्दुरुस्ती परीक्षा,

ग) लिखित परीक्षा (नगर प्रहरी सहायक निरीक्षक र प्रहरी जवानको हकमा मात्र),

घ) विशेष स्वास्थ्य परीक्षण परीक्षा,

ङ) अन्तर्वार्ता ।

९. सम्पर्क मिति :- २०८१/०४/३१ गते कार्यालय समय भित्र ।

१०. परीक्षा केन्द्र र परीक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ ।

११. पारिश्रमिक र सेवा, सुविधा :- नगरपालिकाले तोके बमोजिम हुनेछ।

१२. रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

१३. परशुराम नगरपालिका क्षेत्रभित्रका उम्मेदवारहरुलाई विशेष ग्राह्यता प्रदान गरिनेछ ।

१४. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :-२०८०/०८१

चलानी नम्बर :-

जोगबुडा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पुनश्चः

१. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरीनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा संचालन गर्दा खुला र समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिच मात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराइ पदपूर्ति गरीनेछ ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनपर्नेछ ।

४. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाको पाठ्यक्रम परशुराम नगरपालिकाको वेभसाइट: www.parshurammun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

मितिः २०८१/०४/०३ गते ।

(कल्पना भट्ट)

प्रमुख प्रशासकीय अधिकृत